Reg. No. 681 SWC Aff. No. 15556

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN)Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

मितिः २०६८/०९/३०

## प्रेस विज्ञप्ती

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल र जातीय भेदभाव विरुद्धको राष्टिय मञ्च (NCARD) नेपालको आयोजनामा आगामी संविधानमा **दलित समुदायको संबैधानिक मुद्धालाई संम्बोधन नगरिएको खण्डमा दलित समुदायको सरोकार र अपनाउनु पर्ने रणनीति** विषयक **अन्तर संवाद कार्यक्रम** यही मिति मितिः २०६८ पौष ३० गते ( १४ जनवरी २०१२) होटल अर्किड, त्रिपुरेश्वर, काठमाडौमा सम्पन्न भएको छ । राष्ट्रिय दलित नेटवर्कका केन्द्रिय अध्यक्ष गणेश बि.के. को अध्यक्षतामा सम्पन्न कार्यक्रममा संविधान सभाका दलित सभासद, राजनीति पार्टीका जनवर्गीय संगठनका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, पत्रकार र विभिन्न पेशा र व्यवसायमा आवद्ध व्यक्तित्वहरुको सहभागिता रहेको थियो । अध्यक्षता मन्तव्यको क्रममा राष्ट्रिय दलित नेटवर्कका केन्द्रिय अध्यक्ष गणेश बि. के.ले आगामी संघीय नेपालको परिकल्पना गर्दा दलितहरुको आर्थिक सामाजिक रुपान्तरण र सशक्तिकरणको निमित्त गैर भौगोलिक संघीयता एउटा उत्तम विकल्प हुने कुरा बताउनु भयो । साथै उहाँले दलितमाथिको विभेदकारी चिन्तनले भन्दा System बाटै दलित मुद्धा सम्बोधन हुनु पर्ने कुरामा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा राजनीति विश्लेषक श्याम श्रेष्ठले **नयाँ संविधान र दलितका एजेण्डा** बिषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्रमा नेपालका दलित समुदायले ईतिहास देखि भोग्दै आएका समस्या र उनीहरुको आर्थिक सामाजिक अवस्थाको रुपान्तरणको निमित्त आगामी दिनमा दलित समुदायले अपनाउनु पर्ने रणनीतिहरु समावेश गरिएको थियो । साथै कार्यपत्र प्रस्तुत गर्नु हुदै उहाँले दलित समुदायले सत्ता, कानुन, सम्पति अर्थात स्रोत र संस्कृतिमा पहुँच पुराउनु पर्ने कुरामा जोड दिनु भएको थियो ।

कार्यपत्रमा टिप्पणी गर्नु हुदै सभासद तथा दलित मुक्तिमोर्चाका संयोजक तिलक परियारले दलित समस्या हो वा जातियता हो भन्ने कुरामा स्पष्ट हुनु पर्ने कुरामा जोड दिनु भयो । उहाँले आगामी संविधानमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउनु पर्ने व्यवस्था हुनु पर्ने बताउनु भयो । त्यस्तै कार्यपत्र माथि टिप्पणी गर्नु हुदै नेपाल दलित संघका अध्यक्ष खड्क बस्यालले एकिकृत दलित आन्दोलनमा जोड दिनु भएको थियो । साथै उक्त कार्यपत्रमाथि सभासद लक्ष्मी परियार, हिम कुमारी सुनार, पुरन सिहं दयाल, रिमा नेपाली, दुर्गा परियारले आआफ्नो विचार राख्नु हुदै दलित आन्दोलनका उपलब्धी हासिल गर्न नयाँ संविधान समयमै घोषणा हुनु पर्नें, अधिकार सहितको संवैधानिक दलित आयोग बनाउनुपर्ने, दलितहरुलाई बिषेश प्रगतिशिल आरक्षणको व्यवस्था हुनु पर्ने कुरामा जोड दिनु भयो । साथै उहाँहरुले संविधानलाई दलितमैत्री बनाउन आआफ्नो ठाँउबाठ पहल कदमी लिने प्रतिबद्धता पनि व्यक्त गर्नु भएको थियो । त्यस्तै नेपाल उत्पीडित जातीय मुक्ति समाजका उपाध्यक्ष टेकु

नेपालीले गैर भौगोलिक संघीयता नै उपयुक्त हुने, संविधानको प्रस्तावनामा नै जातीय छुवाछुतको व्यवस्था स्पष्ट रुपमा उल्लेख हुनु पर्ने जस्ता कुरामा जोड दिनु भयो ।

नागरिक समाजका तर्फबाटै दलित गैर सरकारी संस्था महासंघका अध्यक्ष गजाधर सुनार, NNDSWO का अध्यक्ष भक्त विश्वकर्मा, मानव अधिकार एलाईन्सका कार्यकारी निर्देशक देवेन्द्र अधिकारी, पत्रकार लक्ष्मी उपाध्याय, तिलक सुनार, खगेन्द्र सुनारले कार्यपत्रमा टिप्पणी गर्नु भएको थियो । नागरिक समाजका प्रतिनिधि र पत्रकारहरुले राज्यका संयन्त्र तथा संरचनाहरुमा दलितहरुको समानुपातिक व्यवस्था हुनु पर्ने र उक्त कुरा आगामी संविधानले पनि संवोधन गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । साथै शिक्षा, स्वास्थ्य, रोजगारी र भूमीमा सकरात्मक विभेदको व्यवस्था हुनु पर्ने, दलित समुदायलाई भूमीको अधिकार हुनु पर्ने, हालको परम्परागत सामाजिक संरचनामा परिर्वत आउनु पर्ने, दलित आन्दोलन एकिकृत र एकरुपताको हुनु पर्ने, जारी संविधान निर्माणको ऐतिहासिक प्रकृयामा विभिन्न एकिकृत दवावमुलक कार्यक्रमहरु संचालन गर्नु पर्ने, आगामी संविधानलाई दलित समुदायका आर्थिक, सामाजिक र राजनीति अधिकारका सवाल सुनिश्चित सहित दलितमैत्री बनाउनु पर्ने, नेपाली दलित समुदायका पुस्तौंदेखिका मुद्दाहरु संवोधन गरी हालसम्मको क्षेतिपूतिको व्यवस्था संविधान मै स्पष्ट हुनु पर्ने कुरामा जोड दिनु भएको थियो ।

उक्त कार्यक्रमले आम दलितका अधिकार आगामी संघिय नेपालमा सुनिश्चित गर्नको निमित्त गैर भौगोलिक संघीयतामा जानु पर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था हुनु पर्ने, दलित समुदायलाई राज्य संयन्त्रमा सबै अंग, निकाय र क्षेत्रमा क्षतिपुर्तिको व्यवस्था सहित समानुपातिक सहभागिताको व्यवस्था हुनु पर्ने, दलित समुदायलाई विशेष अवसरको हक हुनु पर्ने, संघीय व्यवस्थापिकामा दलितको प्रतिनिधित्व सुनिश्चित गरिनु पर्ने, आरक्षरण र समानुपातिक कोटा प्रणालीको व्यवस्था हुनु पर्ने र दलित समुदायले अव फेरी आफुलाई दलित भनिरहन नपर्ने र हरेक दलितले आफुलाई अन्य नागरिक सरह हक, हैसियत, पहुँच र प्रतिनिधित्व भएको नागरिक र मानव ठान्ने स्थितिको सिर्जना नयाँ संविधानले गर्नु पर्ने एजेण्डा सहित कार्यक्रम समापन भएको थियो ।

राष्ट्रिय दलित नेटवर्कका केन्द्रिय सदस्य बसन्त परियारले को संचालन र राष्ट्रिय दलित नेटवर्कका केन्द्रिय सचिव डि.वि शाहसंकरको स्वगत मन्तव्यबाट शुरु भएको कार्यक्रममा NCARD का कोषाध्यक्ष रोम विश्वकर्माले आमन्त्रित सर्म्पूण व्यक्तित्वहरुलाई धन्यवाद दिनु भएको थियो ।

....................

**गणेश बि.के.**

**अध्यक्ष**